मिति २०७८ असार २ गते बुधबार बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यस्थापन राष्ट्रिय परिषद्को

छैठौं बैठकका निर्णयहरु

निर्णय नं. १:- विपद्को विद्यमान क्षतिको समीक्षाका साथ क्षतिप्रति गम्भीर दुःख व्यक्त गर्दै विपद्को घट्नाबाट सिन्धुपाल्चोक लगायतका जिल्लाहरुमा मृत्यु भएकाहरुप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्ने, घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामनाका साथै निःशुल्क उपचारको व्यवस्था मिलाउने ।

निर्णय नं. २:- हालसम्म विपद्को प्रतिकार्य, उद्धार तथा राहतका कामहरुमा अहोरात्र खटिनु हुने तीन वटै सुरक्षा निकाय, राष्ट्रसेवक कर्मचारी, परोपकारी संघसंस्था, स्वयंसेवक, जनप्रतिनिधि हरुको योगदानको प्रशंसा गर्दै वहाँहरुप्रति धन्यबाद व्यक्त गर्ने । उद्धार तथा राहतका कामहरुलाई समन्वयात्मकरुपले थप प्रभावकारी बनाउने ।

निर्णय नं. ३:- स्थानीयरुपमा प्रयोग गरिदै आईरहेको स्रोत साधनलाई प्रयोग गर्दै रणनीतिक स्थानहरुमा जनशक्ति तथा खाद्यान्न, लत्ता कपडाहरु लगायतका सामग्रीहरुको तत्काल उपयोगमा ल्याउन सकिने गरी थप व्यवस्था गर्ने।

निर्णय नं. ४:- कोभिड-१९ को सम्भावित संक्रमण तथा सम्भावित महामारीप्रति संवेदनशील भएर पूर्वतयारी तथा प्रतिकार्य गर्ने । प्रतिकार्य, राहत तथा उद्धारका कार्यहरु गर्दा ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति, गर्भवती महिलाहरुलाई प्राथमिकता दिने । साथै मानवीय स्वास्थ्यलाई मध्यनजर गर्दै अति आवश्यक वस्तुहरु पानी, औषधी तथा खाद्यान्नको गुणस्तर एवम् सहज उपलब्धतामा ध्यान दिने ।

निर्णय नं. ५:- मनसुनको प्रभावको कारण तराई क्षेत्रमा हुनसक्ने बाढी, डुबानलाई दृष्टिगत गरेर आवश्यक तयारी गर्ने र समग्र क्रियाकलापहरुका लागि सबै मन्त्रालय तथा सुरक्षा निकायहरु, जनप्रतिनिधिहरु, परोपकारी संस्थाहरुको प्रयासलाई थप समन्वयात्मक र प्रभावकारी बनाउन निर्देशन दिने ।

निर्णय नं. ६:- पछिल्लो चरणमा सुरु गरेका विपद् पछिको पुनर्निर्माण तथा पुनर्स्थापनाको कामलाई थप तदारुकताका साथ अगाडि लैजान र विकास निर्माणको कार्यहरु गर्दा सम्पूर्ण निकायहरुले विपद् जोखिम संवेदनशील भएर कार्य गर्ने गराउने ।

निर्णय नं. ७:- राष्ट्रिय पुनर्निर्माण प्राधिकरण तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुखहरुले संयुक्त रुपमा यस राष्ट्रिय परिषद लगायतका विपद् व्यवस्थापनसँग सम्बन्धित संरचना तथा निकायहरु को काम कर्तव्य र अधिकार तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा हालसम्म भएगरेका निर्णयहरु, कार्यहरु लगायतका विषयमा सबै माननीय मन्त्रीज्यूहरुलाई जानकारी गराउने ।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
काठमाडौं

कार्यकारी प्रमुख